श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. १०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### कृषि विकास बैङ्क ऐन, २०२४ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः कृषि विकास बैङ्क ऐन, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "कृषि विकास बैङ्क (चौथो संशोधन) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. कृषि विकास बैङ्क ऐन, २०२४ को दफा २ मा संशोधनः कृषि विकास बैङ्क ऐन, २०२४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः–

"(ट) "कृषि विकास" भन्नाले कृषि उत्पादनलाई चाहिने साधन र सुविधाहरु उपलब्ध गराउने, उत्पादित वस्तुको संरक्षण, प्रशोधन र बेचबिखन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२२

गर्न आवश्यक पर्ने साधन उपलब्ध गराउने, कृषि उद्योग स्थापना र सञ्चालनका लागि ऋण दिने, पशुपंक्षी, माछा, मौरीपालन र तत्सम्बन्धी वस्तुको संरक्षण, प्रशोधन र बेचबिखन गर्न साधन उपलब्ध गराउने, मोहीलाई जग्गा खरीद गर्न, ऊर्जा विकास गर्न, निजी वनविकास गर्न, जग्गाविकास गर्न, पेशागत सेवा कार्य सञ्चालनका लागि चाहिने सामान, साना किसान कार्यक्रम तथा घरेलु उद्योगसम्बन्धी कार्यक्रमका लागि प्राविधिक सल्लाह लगायत अन्य आवश्यक साधन उपलब्ध गराउने कार्यलाई सम्झनुपर्छ ।"

(२) खण्ड (ण) पछि देहायको खण्ड (त) थपिएको छ:–

"(त) "साना किसान" भन्नाले समितिले आर्थिक मापदण्डको आधारमा समय-समयमा साना किसान भनी तोकेका किसान वा त्यस्ता किसानको समूहलाई सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को,–

(१) उपदफा (४) मा रहेका "दुई हजार" भन्ने शब्दहरूको सट्टा "दश हजार" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (४) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ:–

"तर साना किसान तथा साना किसान समूह, ग्राम समिति, साझा संस्था वा सङ्घले ऋण लिंदा शेयर खरीद गर्नु नपर्ने गरी तोक्न सक्नेछ ।"

४. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को उपदफा (२) को,–

(१) खण्ड (क) मा रहेको "अन्य व्यक्ति वा संस्थालाई चलअचल सम्पत्ति धितो-बन्धक लिई" भन्ने वाक्यांशको सट्टा "अन्य व्यक्ति वा संस्थालाई ऋण लिएको रकम खाम्ने गरी चलअचल सम्पत्ति धितो-बन्धक लिई" भन्ने वाक्यांश राखिएको छ ।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:–

"(ख) कृषि विकासलाई चाहिने साधनहरू किसानलाई उपलब्ध गराउने ।"

(३) खण्ड (ग) मा रहेका "कृषि पदार्थ प्रशोधन गर्ने" भन्ने शब्दहरूको सट्टा "कृषि पदार्थ प्रशोधन तथा संरक्षण गर्ने" भन्ने शब्दहरू राखिएका छन् ।

(४) खण्ड (घ) मा रहेका "ग्रामीण क्षेत्रमा" भन्ने शब्दहरू झिकिएका छन् ।

(५) खण्ड (घ१) को सट्टा देहायको खण्ड (घ१) राखिएको छ:–

"(घ१) कृषि, घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन गर्न ऋण दिने ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२४

५. मूल ऐनमा दफा १८क. थप : मूल ऐनको दफा १८ पछि देहायको दफा १८क. थपिएको छः–

"१८क. साना किसान तथा साना किसान समूहलाई ऋण दिने विशेष व्यवस्था :

(१) साना किसान तथा साना किसान समूहलाई बैङ्कले व्यक्तिगत वा सामूहिक उत्तरदायित्वमा पूरै वा आंशिक धितो-बन्धक लिई वा नलिई समितिले तोकेबमोजिमको ऋण दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साना किसान वा साना किसान समूहले सामूहिक उत्तरदायित्वमा लिएको ऋणमध्ये कसैले दामासाहीले आफ्नो हिस्सामा परेको ऋणको साँवा ब्याज नतिरेमा दफा २०क. को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कार्यविधि अपनाई ऋण असूल-उपर गर्न सकिनेछः–

(क) जुन परियोजनाको लागि ऋण लिएको हो सो परियोजनाबाट निजले प्राप्त गरेको वा गर्ने आर्जनबाट असूल-उपर गर्ने,

(ख) खण्ड (क) बमोजिम असूल-उपर हुन नसकेमा निजको घरघरानाबाट असूल-उपर गर्ने,

(ग) खण्ड (ख) बमोजिम पनि असूल-उपर हुन नसकेमा ऋण लिंदा राखेको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी असूल-उपर गर्ने ।"

६. मूल ऐनको दफा २०क. मा संशोधन : मूल ऐनको दफा २०क. को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः–

"(९) उपदफा (७) वा (८) बमोजिम दाखिल खारेज भएपछि सम्बन्धित व्यक्ति वा बैङ्कले आफ्नो सम्पत्ति भोगचलन गर्न जाँदा सो सम्पत्ति छाडिदिनु पर्ने व्यक्तिले धिन्याई गरेको वा जबरजस्ती गरेको उजुरी परेमा प्रचलित कानूनबमोजिम उक्त सम्पत्ति चलन चलाइदिनु पर्नेछ ।"

लालमोहर सदर मितिः– २०४२।५।१२।४

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।